
USAID
अमेरिकी जनताबाट
WINROCK INTERNATIONAL
UKaid
from the British people

# मानव बेचबिखन तथा ओसार पसार कसूरका पिडीतका अधिकारहरू सम्बन्धि

# जानकारी पुस्तिका

२०७७




Legal Aid & Consultancy Centre (LACC)
Manbhawan, Lalitpur (AVM School Compound)
P.O. Box : G.P.O. Box: 3216, Kathmandu, Nepal.
Tel : 977-1-5543111, 5542999
Email : laccnepal@gmail.com | www.laccnepal.org

FORUM FOR WOMEN, LAW AND DEVELOPMENT 1995
LACC
PPR NEPAL
Center for Legal Research and Resource Development (CeLRRd) Kathmandu, Nepal

# मानव बेचबिखन तथा ओसार पसार कसूरका पीडितका अधिकारहरू

# सम्बन्धी जानकारी पुस्तिका

*यो जानकारी पुस्तिका अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको र संयुक्त अधिराज्यको युके एड मार्फत बेलायती जनताहरूको सहयोगका कारण सम्भव बनेको हो । यस जानकारी पुस्तिका भित्रका विषयवस्तु र सामग्री कानुनी सहयोग तथा परामर्श केन्द्रको एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको वा युके एड वा संयुक्त अधिराज्य सरकारको विचार प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।*

| | | |
|---|---|---|
| अंक | : | ०३ |
| संस्करण | : | प्रथम |
| प्रकाशक | : | कानुनी सहयोग तथा परामर्श केन्द्र, ललितपुर |
| प्रकाशक संख्या | : | २५० |
| सम्पादन | : | अधिवक्ता अनिता न्यौपाने थपलिया |
| | | अधिवक्ता शितल सुवेदी |
| | | अधिवक्ता सम्झना घिमिरे |
| | | अपर्ना सिंह |
| सर्वाधिकार | : | USAID / UK Aid / Hamro Samman / Winrock International |
| डिजाईन | : | कम्प्यूटर लग |
| | | पुल्चोक, ललितपुर । फोन: ९८५११३४९७७ |

# बिषय सुची

१. मानव वेचविखन भनेको के हो ? ..... ७
२. मानव ओसारपसार भनेको के हो ? ..... ७
३. मानव वेचविखनमा सजाँय सम्बन्धी के कस्तो सजायको व्यवस्था गरिएको छ ? ..... ८
४. मानव ओसार पसारमा सजाँय सम्बन्धी के कस्तो व्यवस्था गरिएको छ ? ..... ८
५. मानव बेचबिखन तथा ओसार पसार कसूर विरूद्ध उजुरी कस्ले कहा र कहिले गर्ने ? ..... ९
६. मानव वेचविखन तथा ओसार पसारका पिडीतका के कस्ता अधिकारहरु रहेका छन् ? ..... ९
७. अपराध पिडीत संरक्षण ऐन २०७५ ले पिडीतका अधिकारहरु सम्बन्धी निम्न गरेका व्यवस्थाहरु ..... १२
८. क्षतिपुर्ति प्राप्त गर्ने अधिकार ..... २१
९. पिडीतको कर्तव्य ..... २३

# प्राक्कथन

मानव बेचबिखन तथा ओसरपसार विश्वब्यापी रूपमा फैलिएको संगठित अपराध हो । नेपालको सन्दर्भमा पनि मानव बेचबिखन तथा ओसरपसार एक गम्भिर चुनौतिको रूपमा रहेको छ । शिक्षाको कमी, कानुनहरूको अनभिज्ञता र आर्थिक रूपमा पिछडीएको लगायत विभिन्न कारण मानव बेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराध बढदै गएको छ । त्यसैगरी, शिक्षाको अभाव, कानुनको अज्ञानता तथा स्रोत साधनमा पहुच नपुगेका कारण मानव बेचबिखन तथा ओसारपसार अपराधका पीडितहरूलाई आफ्नो अधिकारहरूको जानकारी नहुनाले न्याय नपाउने तथा थप पीडित भइरहेको अवस्था विद्यमान रहेको छ । त्यसकारण, यस पुस्तकले मानव बेचबिखन तथा ओसरपसारका पीडितहरूले कानुन बमोजिम के कस्ता अधिकार प्राप्त गर्न सक्छन भन्ने बिषयमा सचेत गर्ने छ ।

नेपालको संविधान २०७२, अपराध पिडीत संरक्षण ऐन २०७५ तथा अन्य केही ऐनहरूले समेत मानव बेचबिखन तथा ओसरपसारका पीडितहरूको अधिकारलाई सम्बोधन गरेको हुदा सोको सम्बन्धमा जानकारी गराउने उदेश्यले जानकारी पुस्तिका प्रश्नोत्तरको रूपमा प्रकाशित गरेको छ । यस पुस्तकमा समावेश भएका बिषयमा, मानव बेचबिखन तथा ओसरपसार भनेको के हो, यि अपराधहरूमा के कस्तो सजायको ब्यवस्था गरिएको छ र यस्ता अपराध बिरुद्ध उजुरी कस्ले, कँहा, कहिले गर्न सक्छ भन्ने बारेमा सरल भाषामा स्पस्ट उल्लेख गरिएको छ । बिशेष गरी, यस पुस्तकले मानव बेचबिखन तथा ओसारपसारका पीडितहरूको के कस्तो अधिकारहरू रहेको र साथै पीडितहरूको कर्तब्य समेतको बारेमा अवगत गराउछ ।

यो पुस्तक निर्माणमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नुहुने USAID, UK Aid र Winrock International प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । त्यसैगरी, Legal Consortium का Partners FWLD, PPR र CeLRRd लाई पनि पुस्तक निर्माणको क्रममा साथ दिनुभएकोमा धन्यवाद दिन चाहन्छु । साथै यो पुस्तकको तयारीको क्रममा उच्च अदालत पाटनका न्ययधिस श्री टेक नारायण कुँवर ज्युको उल्लेखनिय योगदान रहेकोमा वँहालाई पनी धेरै धन्यवाद दिन चाहन्छु । यो पुस्तक तयार गर्न सहयोग गर्ने सम्भना घिमिरे लाई पनि धनयवाद दिन चाहन्छु । यस प्रकाशनबाट संविधान, नयाँ संहिता तथा अन्य ऐनहरूको बारेमा सुसुचित भई मानव बेचबिखन तथा ओसरपसार, पीडितहरूको अधिकारको सुनिश्चितता तथा न्यायमा पहुँचमा नया आयाम थपिने छ भन्ने विश्वास लिएको छु ।

अनिता न्यौपाने थपलिया
कार्यकारी अध्यक्ष

# मानव बेचबिखन तथा ओसार पसारका पीडितका लागि उपलब्ध उपचार तथा अधिकारहरु

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४

१. **मानव वेचविखन भनेको के हो ?**

कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने कार्यलाई मानव बेचविखन भनिन्छ ।

२. **मानव ओसारपसार भनेको के हो ?**

किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई मान ओसारपसार भनिन्छ ।

३. **मानव वेचविखनमा सजाँय सम्बन्धी के कस्तो सजायको व्यवस्था**

गरिएको छ ?

- मानिस किन्ने वा बेच्नेलाई बीस वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसूरको मात्रा अनुसार दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना,
- प्रचलित कानून बमोजिम बाहेक मानिसको कुनै अङ्ग झिक्नेलाई दश वर्ष कैद र दुई लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँसम्म जरिवाना,
- वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजार रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म जरिबाना ।

## ४. मानव ओसार पसारमा सजाँय सम्बन्धी के कस्तो व्यवस्था

*किन्ने र बेच्नेलाई : २० बर्ष कैद र रु २,००,००० जरिवाना*
*वेश्याब्रितिमा लगाउनेलाई: १०–१५ बर्ष कैद र रु ५०,०००–१,००,००० सम्म जरिवाना*
*अङ्ग झिक्नेलाई : १० बर्ष कैद र रु २,००,०००–५,००,००० सम्म जरिवाना*
*वेश्यागमन गर्नेलाई : १–३ महिना सम्म कैद र रु २,०००–५,००० सम्म जरिवाना*

गरिएको छ ?

- विदेश लैजानेलाई दश वर्षदेखि पन्ध्र वर्षसम्म कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना (**१०–१५ बर्ष कैद र रु ५०,०००–१,००,००० सम्म जरिवाना**) र बालबालिका लगेको भए पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद र एक लाख रूपैयाँदेखि दुईलाख रूपैयाँसम्म जरिबाना (**१५–२० बर्ष कैद र रु १,००,०००–२,००,००० सम्म जरिवाना**),
- नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई दश वर्ष कैद र पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म

जरिवाना (**१० बर्ष कैद र रु ५०,०००–१,००,००० सम्म जरिवाना**) र बालबालिका लगेको भए दश वर्षदेखि बाह्र वर्षसम्म कैद र एक लाख रूपैयाँ जरिबाना (**१०–१२ बर्ष कैद र रु १,००,००० जरिवाना**)

- वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कसूर गर्नेलाई सात वर्षदेखि दश वर्षसम्म कैद (**७–१० बर्ष कैद**),
- मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दुरुत्साहन, षड्यन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको **आधा सजाय** ।

## ५. मानव बेचबिखन तथा ओसार पसार कसूर विरूद्ध उजुरी कस्ले कहा र कहिले गर्ने ?

मानव बेचबिखन तथा ओसार पसार कसूर गरेको, गरिरहेको वा गर्न लागेको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालयमा उजुरी गर्न सक्नेछ । मानव बेचबिखन तथा ओसार पसार कसूरमा हदम्याद लाग्दैन ।

## ६. मानव वेचविखन तथा ओसार पसारका पिडीतका के कस्ता अधिकारहरु रहेका छन् ?

मानव वेचविखन तथा ओसार पसारका पिडीतका निम्न अधिकारहरू रहेका छन्

### ६.१ आत्मरक्षाको अधिकार :

आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको अवस्थामा सो बाट बच्न कुनै कार्य गर्दा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा निजलाई कुनै प्रकारको चोटपटक लाग्न गएमा प्रचलित कानूनमा

जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो व्यक्तिलाई कुनै प्रकारको सजाय नहुने गरी आत्मरक्षाको अधिकार दिएको छ ।

### ६.२ सुरक्षा व्यवस्थाको अधिकार :

असुरक्षाको कारण मुद्दाहरू बिचमानै अलपत्र हुने गरेको पाईन्छ ।

- मुद्दाको कारबाहीको सिलसिलामा अड्डा अदालत आउँदा-जाँदा सुरक्षा दिने,
- निश्चित अवधिसम्म प्रहरी सुरक्षामा राख्ने वा राख्न लगाउने वा केन्द्रमा राख्ने ।

### ६.३. बन्द इजलासको व्यवस्था:

मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी कसूरको मुद्दाको कारबाही तथा सुनुवाइ बन्द इजलासमा हुने व्यवस्था गरिएकोछ ।

### ६.४ लगातार सुनुवाईको व्यवस्था :

मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी कसूरको मुद्दाको कारबाही तथा सुनुवाइ लगातार सुनुवाईको माध्यमबाट हुने व्यवस्था गरिएकोछ ।

### ६.५ गोपनियताको अधिकार :

सूचना दिने सुराकीको नाम, ठेगाना र निजबाट प्राप्त सूचनाको विवरण गोप्य राख्नु पर्नेछ । पडीतको सूचनाको विवरण समेत गोप्य राख्नु पनेर्छ ।

### ६.६ प्रचार प्रसार गर्न नहुने :

पीडितको स्वीकृति नलिई निजका वास्तविक नाम, तस्वीर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण पत्रपत्रिकामा छाप्न वा अन्य सञ्चार माध्यमबाट प्रचार प्रसारमा रोक लगाउने व्यवस्था गरिएको छ ।

### ६.७ छुट्टै कानून व्यवसायी राख्न पाउने व्यवस्था :

मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी मुद्दा सरकार वादी हुने फौजदारी मुद्दा भएको हुदा निःशुल्क रूपमा सरकारको तर्फबाट

सरकारी वकिलले मुद्दा हेरि दिन्छन् । तर छुट्टै कानून व्यवसायी राख्न चाहेमा निजले त्यस्तो कानून व्यवसायी राख्न सक्नेछ ।

## ६.८ पिडितले दोभाषे वा अनुवादक राख्न सक्ने :

मानव बेचबिखन तथा ओसार पसार सम्बन्धी मुद्दाको काम कारबाहीमा अदालतमा प्रयोग हुने भाषा पीडितले नबुझ्ने भएमा सम्बन्धीत अड्डा अदालतको अनुमति लिई निजले आफ्नो मातृभाषामा वोल्न सक्नेछ र उक्त भाषाकालागि दोभाषे वा अनुवादक राख्न सक्नेछ ।

## ६.९ क्षतिपुर्ति पाउने अधिकार :

अदालतले कसूरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघट्ने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ ।

अदालतद्वारा भराईएको क्षतिपूर्तिको रकम लिन नपाउँदै पीडितको मृत्यु भएमा त्यस्तो रकम तोकिए बमोजिम निजको नाबालक छोराछोरीलाई र त्यस्ता छोराछोरी नभए निजमा आश्रित बाबुआमालाई दिइने व्यवस्था छ ।

## ६.१० सुरक्षित हुन पाउने अधिकार :

पीडितलाई शंकास्पद व्यक्ति, अभियुक्त, कसूरदार वा निज सम्बद्ध व्यक्ति वा अभियुक्तका साक्षीबाट पीडित वा पीडितको नजिकको नातेदार र पीडितमा आश्रित व्यक्ति विरुद्ध हुन सक्ने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउने अधिकार हुनेछ ।

## ६.११ निशुल्क कानूनी सहायताको व्यवस्थाः

असमर्थ पक्षलाई कानुन बमोजिम निशुल्क कानुनी सहायता पाउने हक हुनेछ भनि नेपालको संबिधान २०७२ ले मौलिक हकको रूपमा नै व्यवस्था गरेको छ ।

सबैलाई समान रूपमा न्याय उपलब्ध गराउन आवश्यक भएकोले आर्थिक र सामाजिक कारणबाट आफ्नो कानुनी हक हितको संरक्षण गर्न नसक्ने असमर्थ व्यक्तिका लागि आवश्यक कानुनी सहायता उपलब्ध गराउनु पर्छ भनि कानुनी सहायता सम्बन्धी ऐन, २०५४ ले समेत व्यवस्था गरेको छ ।

**६.१२ उद्धार सम्बन्धी व्यवस्थाः**

कुनै नेपाली नागरिक विदेशमा बेचिएको रहेछ भने निजको उद्धार गर्ने व्यवस्था नेपाल सरकारले गर्नेछ ।

**६.१३ पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी व्यवस्था :**

पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक रूपमा पुनस्थार्पना गर्न र पारिवारिक पुनर्मिलन गराउनको लागि नेपाल सरकारले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ । नेपाल सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित पुनर्स्थापना केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नुका साथै नेपाल सरकारले तोकिदिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ ।

## ७. अपराध पिडीत संरक्षण ऐन २०७५ ले पिडीतका अधिकारहरु सम्बन्धी निम्न गरेका व्यवस्थाहरु :

**७.१ स्वच्छ व्यवहार पाउने अधिकार :** पीडितलाई फौजदारी न्यायको प्रकृयामा स्वच्छ मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार हुनेछ ।

**७.२ भेदभाव विरूद्धको अधिकार :** फौजदारी न्यायिक प्रकृयामा पीडितको धर्म, वर्ण, लिङ्ग, जात, जाति, यौनिकता, उत्पति, भाषा, वैवाहिक स्थिति, पारिवारिक स्थिति, उमेर, शारीरिक वा मानसिक अवस्था, अपांगता वा वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा विभेद गर्नु हुँदैन ।

तर नाबालक, जेष्ठ नागरिक वा शारीररक वा मानसिक रूपले

अशक्त पीडित व्यक्तिको खास आवश्यकतालाई फौजदारी न्यायिक प्रकृयाको रोहमा विचार गर्नु पर्ने भएमा त्यस्तो पीडित प्रति विशेष व्यवहार गर्न रोक लगाएको मानिने छैन ।

७.३ **गोपनीयताको अधिकार:** तल उल्लेखित कसूरको अनुसन्धान, तहकिकात, अभियोजन र अदालती कारबाहीको सिलसिलामा पीडितलाई गोपनीयताको अधिकार हुनेछ । उक्त कसूरहरूमा कसैले पनि पीडितको पहिचान कुनै पनि रूपबाट प्रकट गर्न हुँदैन ।

(क) जबरजस्ती करणी,

(ख) हाडनाता करणी,

(ग) मानव बेचविखन,

(घ) यौन दुर्व्यवहार,

(ङ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिएको अन्य फौजदारी कसूर ।

पीडितले चाहेमा माथि उल्लेखित कसूरको अनुसन्धान, तहकिकात र अदालती कारबाहीको सिलसिलामा पीडितसँग कुनै कागज गराउनु, बयान लिनु वा बकपत्र गराउनु परेमा निम्न बमोजिम गर्नु पर्नेछ :

(क) पीडितलाई पहिचान नखुल्ने गरी प्रस्तुत गरेर,

(ख) पीडितको वास्तविक स्वर बदल्न दिएर,

(ग) अभियुक्तले देख्न सुन्न नपाउने किसिमको श्रव्यदृष्य संवाद प्रविधि प्रयोग गरेर,

(घ) अभियुक्तले देख्न वा सुन्न नपाउने गरी वा सुन्न मात्र पाउने व्यवस्था मिलाएर ।

७.४ **पिडीतको सूचनाको अधिकार:**

पीडितले माग गरेमा सम्बन्धीत अनुसन्धान अधिकारी वा निकायले यथाशीघ्र निम्न सूचना दिनु पर्नेछ ।

७.४.१ **अनुसन्धान सम्बन्धी सूचनाको अधिकार:**

(क) यस ऐन वा प्रचलित कानून बमोजिम पीडितले प्राप्त गर्ने चिकित्सकीय, मनोवैज्ञानिक, मनोचिकीत्सकीय, सामाजिक, कानूनी वा अन्य कुनै सेवा वा परामर्श,

(ख) अभियोजन गर्ने निकायको नाम र पूरा ठेगाना,

(ग) अनुसन्धान अधिकारीको नाम, कार्यालय र टेलिफोन नम्बर,

(घ) अनुसन्धान तथा तहकिकातको प्रगति विवरण,

(ङ) शंकास्पद व्यक्तिको नाम, उमेर, ठेगाना र हुलिया,

(च) शंकास्पद व्यक्ति पक्राउ गरिएमा सो को व्यहोरा,

(छ) शंकास्पद वा अन्य कुनै व्यक्तिले कसूरका सम्बन्धमा अनुसन्धान अधिकारी समक्ष व्यक्त गरेको कुरा,

(ज) अनुसन्धान अधिकारीको हिरासतबाट शंकास्पद व्यक्ति फरार भएमा वा पुन पक्राउ परेमा सो को व्यहोरा,

(झ) अनुसन्धानको सिलसिलामा हिरासतमा रहेको वा पक्राउ परेको व्यक्तिलाई अनुसन्धान अधिकारीले हिरासतमा राख्न आवश्यक नदेखी प्रचलित कानून बमोजिम हिरासतबाट छाडेमा सो को व्यहोरा,

(ञ) कसूरका सम्बन्धमा प्रचलित कानून बमोजिम हुने अनुसन्धान तथा तहकिकातको प्रकृया सम्बन्धी सामान्य जानकारी ।

तर त्यस्तो सूचना पीडितलाई दिएमा सो कसूरको अनुसन्धानमा प्रतिकूल असर पर्ने सम्भावना भएमा वा शंकास्पद वा त्यस्तो सम्बद्ध व्यक्तिको जीउ, ज्यान वा सम्पत्ति माथि खतरा हुन सक्ने देखिएमा अनुसन्धान निकायले त्यस्तो सूचना पीडितलाई दिन बाध्य हुने छैन र त्यसरी सूचना दिन नमिल्ने व्यहोराको कारण सहितको जानकारी पीडितलाई दिनु पर्नेछ ।

### ७.४.२ अभियोजन सम्बन्धी सुचनाको अधिकार

अभियोजन गर्ने निकाय वा अधिकारीले कसूरको सम्बन्धमा पीडितले माग गरेमा देहायको सूचना यथाशीघ्र दिनु पर्नेछ ।

(क) मुद्धा नचलाउन निर्णय गरेको सो को आधार र कारण,

(ख) कुनै व्यक्ति विरुद्द मुद्धा चलाउने र कुनै व्यक्तिको हकमा मद्धा नचलाउने निर्णय गरेमा मुद्धा नचलाउने निर्णय गरिएको व्यक्तिको नाम, थर, वतन र मुद्धा नचलाउने निर्णय गर्नुको आधार र कारण,

(ग) मुद्धा चलाउने निर्णय गरेकोमा अभियोगपत्रको एक प्रति प्रमातिण प्रतिलिपि,

(घ) प्रचलित कानून बमोजिम हुने अदालती कारबाहीको प्रकृया सम्बन्धी सामान्य जानकारी,

(ङ) मुद्धा चलाइएका र तत्काल मुद्धा नचलाइएका व्यक्तिका सम्बन्धमा प्रचलित कानून बमोजिम थप माग दावी लिएकोमा सोको व्यहोरा र सो सम्बन्धमा मुद्धा हेर्ने अधिकारीले गरेको आदेश,

(च) पीडित व्यक्ति कसूरको साक्षी समेत तोकिएकोमा निजले साक्षीको रूपमा निर्वाह गर्नु पर्ने भूमिका सम्बन्धी जानकारी,

(छ) अभियोगपत्र दायर हुँदा फरार रहेको अभियक्त मुद्धा हेर्ने अधिकारीको आदेश बमोजिम पक्राउ परि वा आफैं हाजिर हुन आएमा सोको व्यहोरा,

(ज) कसूरका सम्बन्धमा अदालतमा दायर गरिएको मुद्धा नेपाल सरकारले फिर्ता लिने निर्णय गरेकोमा सोको व्यहोरा ।

### ७.४.३ न्यायिक कारवाही सम्बन्धी सुचनाको अधिकार

अभियोजन गर्ने निकाय, अधिकारी वा अदालत वा सम्बन्धीत निकायले पीडितले माग गरेमा निम्ने सूचना यथाशीघ्र दिनु पर्नेछ ।

(क) अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु पर्ने भएमा सोको व्यहोरा,

(ख) अभियुक्त पुर्पक्षको लागि थुनामा बस्नु नपर्ने भएमा वा थुनामा रहेको अभियुक्त थुनाबाट मुक्त भएमा सोको व्यहोरा,

(ग) अदालतमा हुने सुनुवाइको मिति, स्थान र समय,

(घ) अभियुक्तले प्रचलित कानून बमोजिम जमानत वा तारेखमा छाडी पाउँ भनी निवेदन दिएकोमा सो सम्बन्धी जानकारी र सो निवेदनमा भएको आदेशको व्यहोरा,

(ङ) अभियुक्तलाई मुद्धा हेर्ने अधिकारीले धरौटी, जमानत वा तारेखमा छोड्दा वा पीडित वा पीडितको नजिकको नातेदारको सुरक्षाको लागि राखेको शर्त सम्बन्धी व्यहोरा,

(च) अभियुक्तले धरौटी, जमानत वा तारेखमा छुटी पाउँ भनी प्रचलित कानून बमोजिम शुरु अदालतको आदेश विरुद्द पुनरावेदन तहमा निवेदन दिएकोमा निवेदनको सूचना तथा त्यस्तो निवेदनमा गरिएको आदेशको व्यहोरा,

(छ) पुर्पक्षको लागि थुनामा रहेको अभियुक्त थुनाबाट भागेमा र पुन पक्राउ भई वा आफै उपस्थित हुन आएमा सो को व्यहोरा,

(ज) अभियुक्त वा कसूरदारलाई सुपरिवेक्षणको शर्तमा थुना वा कारागारबाट मक्त गरिएकोमा सपुरिवेक्षण शर्तहरू र त्यस्ता शर्तहरू हेरफेर गरिएमा हेरफेर गरिएका शर्त सम्बन्धी व्यहोरा र त्यस्तो हेरफेर लागू हुने मिति,

(झ) सुपरिवेक्षणमा थुनाबाट मुक्त गरिएको अभियुक्त वा कसूरदारले सुपरिवेक्षणका शर्तहरू पालना गरे नगरेको,

(ञ) अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमोजिम कारागार स्थानान्तरण गरिएमा सो सम्बन्धी व्यहोरा,

(ट) कसूरदारलाई भएको सजाय र कैद गरिएकोमा कैद भुक्तानी हुने समय,

(ठ) कसूरदार कैद सजाय भुक्तान हुनु अगावै फरार भएमा वा पुन पक्राउ भई आएमा सो को व्यहोरा,

ड) कैद सजाय भुक्तान हुनु अगावै कसूरदारलाई दिएको सजाय माफी, मुल्तवी, परिवर्तन वा कम भएकोमा वा कुनै कानूनी

व्यवस्था अर्न्तगत कसूरदारले सजायबाट छुट पाएमा वा मक्त भएमा सो को व्यहोरा,

(ढ) प्रचलित कानून बमोजिम सुपरिवेक्षणमा रहनु पर्ने शर्तमा मुद्धा नचलाइएको वा कारागार नपठाइएको वा कैदबाट मुक्त गरिएको पिडीतले सुपरिवेक्षणको शर्त उल्लंघन गरेमा पीडितले सो उपर उजुर गर्न सक्ने निकाय र उजुरी गर्ने तरिका,

(ण) कसूरदारले सजाय भोगि रहेको कारागारको नाम र ठेगाना,

(त) कसूरदारले प्रोवेशन, प्यारोल वा समुदायक सेवा वा खुला कारागार वा यस्तै किसिमको अन्य कुनै सुविधा पाएमा सो सम्बन्धी व्यहोरा,

(थ) कसूरका सम्बन्धमा दिएको फैसलाको विरुद्ध नेपाल सरकारले पुनरावेदन गरे नगरेको,

(द) फैसला विरुद्ध प्रतिवादीको पुनरावेदन परेकोमा प्रत्यर्थी झिकाउने आदेश दिएकोमा सो को व्यहोरा,

(ध) फैसला विरुद्ध परेको पुनरावेदनमा पुनरावेदन तहको निर्णय र सो को परिणाम,

(न) कसूरदारलाई सुपरिवेक्षणमा राखिएकोमा सुपरिवेक्षणको शर्त परिवर्तन र्गन वा सुपरिवेक्षणको आदेश खारेज गर्न कसूरदार वा अन्य कसैले प्रचलित कानून बमोजिम निवेदन दिएकोमा सो निवेदनमा दिएको निर्णय,

(प) थुना वा कैदमा रहदा अभियुक्त वा कसूरदारको मृत्यु भएमा सोको व्यहोरा,

(फ) विदेशी अभियुक्त वा कसूरदारलाई प्रचलित कानून बमाजम नेपाल सरकारले नेपालको राज्य क्षेत्रि भन्दा बाहिर फिर्ता पठाएमा वा विदेशी राज्य वा सरकारलाई हस्तान्तरण (डिपोट) गरेमा सो को व्यहोरा ।

**७.५. धारणा व्यक्त गर्न पाउने अधिकार :** पीडितले निम्न विषयमा

समबन्धित अधिकारी समक्ष आफ्नो धारणा व्यक्त गर्न पाउनेछन

(क) सम्बन्धीत कसूरमा शंकास्पद व्यक्तीका सम्बन्धमा अभियोग लगाउँदा,

(ख) शंकास्पद व्यक्तिका सम्बन्धमा मुद्धा नचलाउने निर्णय गर्नु परेमा,

(ग) अभियुक्तसँग प्रचलित कानून बमोजिम अभियोगको सौदाबाजी मार्फत सम्झौता गर्नु परेमा,

(घ) प्रचलित कानून बमोजिम हुने सजायमा छुट माग दावीको निमित्त मुद्धा हेर्ने अधिकारी समक्ष अनुरोध गर्नु परेमा,

(ङ) मुद्धा हेर्ने अधिकारी समक्ष दायर गरिएको अभियोगपत्रमा प्रचलित कानून बमोजिम थप माग दाबी गर्नु पर्ने भएमा,

(च) कसूरदारलाई सजाय तोक्नु अगावै प्रचलित कानून बमोजिम सजाय पूर्वको प्रतिवेदन तयार गर्नु परेमा,

(छ) कसूरदारलाई प्रचलित कानून बमोजिम सजाय तोक्दा,

(ज) अभियुक्तमा कसूर गर्न सक्ने मानसिक वा शारीरिक क्षमता भए नभएको सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गर्नु पर्ने भएमा,

(झ) प्रचलित कानून बमोजिम अभियुक्त वा कसूरदारका हकमा दिशान्तर (डाइर्भसन) कार्यक्रमको सेवामा लैजाने निर्णय गर्नु पर्ने भएमा,

(ञ) कसूरदारलाई प्रचलित कानून बमोजिम प्रोवेशन, प्यारोल, निलम्बित सजाय, खुला कारागार, सामुदायिक सेवा वा यस्तै प्रकृतिको अन्य कुनै सुविधा दिने निर्णय गर्नु पर्ने भएमा,

(ट) प्रचलित कानून बमोजिम अदालतमा विचाराधिन कसूर सम्बन्धी

७.६. **कानून व्यवसायी राख्न पाउने अधिकारः** पिडीतले चाहेमा फौजदारी न्यायिक प्रकृयामा छुट्टै कानून व्यवसायी राख्न पाउने ।

७.७ **सुनुवाईमा उपस्थिती र सहभागिताको अधिकारः**

अदालतले अन्यथा आदेश दिएकोमा बाहेक कसूरका सम्बन्धमा हुने अदालतको सुनुवाइ सम्बन्धी कारबाहीमा उपस्थित हुन पाउने र आफ्नो भनाई राख्न पाउने अधिकार हुनेछ। तर पीडित व्यक्ति मुद्धाको साक्षी समेत भएकोमा साक्षीको रूपमा निजले बकपत्र नगरेसम्म निजलाई अदालतले खास कारबाहीमा उपस्थित हुन रोक लगाउन सक्नेछ। पीडितले व्यक्त गरेको भनाईलाई समेत विचार गरी अदालतले आदेश वा निर्णय गर्नु पर्नेछ।

७.८ **सुनुवाईको सिलसिलामा छुट्टै कक्षमा बस्न पाउने अधिकारः**

अदालतले कसूरको सुनुवाइको सिलसिलामा अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीबाट पृथक रहने गरी पीडितको निमित्त छुटै कक्ष उपलब्ध गराउन सक्नेछ। छुटै कक्ष उपलब्ध गराउन सम्भव र व्यवहारिक नभएमा सुनुवाइ हुँदा अदालतले पीडितको सुरक्षा र हितको निमित्त पीडितसँग अभियुक्त, अभियुक्त सम्बद्ध व्यक्ति र अभियुक्तका साक्षीले अदालतले अन्यथा आदेश दिएकोमा बाहेक सम्पर्क गर्न नसक्ने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

७.९ **सम्पत्ति फिर्ता पाउने अधिकार :**

अनुसन्धानको सिलसिलामा वा प्रमाणको लागि नियन्त्रणमा भएको पीडितको सम्पत्ति अनुसन्धान कार्य पूरा भएपछि यथाशीघ्र सम्बन्धीत अनुसन्धान अधिकारीले पीडितलाई फिर्ता गर्नु पर्नेछ। नियन्त्रणमा लिएको सम्पत्तिलाई प्रमाणको लागि अदालत समक्ष पेश गर्नु पर्ने भएमा वा सम्पत्तिको स्वामित्व भोगको विषयमा विवाद भएमा विवाद टुङ्गो लाग्नु अगावै सम्पत्ति फिर्ता गर्ने छैन। अदालतले आवश्यक ठानेमा त्यस्तो सम्पत्ति विवाद टुङ्गो लाग्नु अगावै फिर्ता गर्ने गरी आदेश गर्न सक्नेछ।

७.१० **कसूर सम्बन्धी मुद्धाका सम्बन्धमा छलफल गर्न सक्ने :**

पीडित र अभियुक्त दुवैको सहमतिमा कसूरसँग सम्बन्धीत कुनै विषयमा अदालतले देहायको अवस्थामा पीडित र अभियुक्त बीच

छलफल गराउन सक्नेछ ।

(क) छलफल गर्दा विवाद समाधानमा सघाउ पुग्ने कुरामा अदालत विश्वस्त भएमा,

(ख) छलफल अदालतको सुपरिवेक्षणमा हुने भएमा,

(ग) छलफल गर्दा सार्वजनिक हित र न्यायमा प्रतिकूल असर नपर्ने भएमा

## ७.११. लिखित निवेदन दिन सक्ने अधिकार

अदालतको आदेश वा निर्णयमा चित्त नबुझेकोमा त्यस्तो आदेश वा निर्णय बिरुद्ध नेपाल सरकारलाई प्रचलित कानुन बमोजिम निवेदन वा पुनरावेदन दिने अधिकार भएमा पीडितले सो आदेश वा निर्णय बिरुद्ध निवेदन वा पुनरावेदन दिन अनुरोध गरी सम्बन्धीत निकाय वा अधिकार समक्ष लिखित निवेदन दिन सक्नेछ। त्यस्तो निवेदन अदालतको आदेश वा निर्णयको जानकारी प्राप्त गरेको मितिले १५ दिनभित्र गर्नु पर्नेछ। त्यस्तो निवेदन उपर अधिकार पाएको सम्बन्धीत निकाय वा अधिकारीले त्यस्तो निवेदन उपर बिचार गरी निर्णय गर्नु पर्नेछ र सो निर्णयको जानकारी पीडितलाई दिनु पर्नेछ ।

## ७.१२. क्षतिपुर्ति सम्बन्धमा जानकारी पाउने अधिकार

पीडितले कानुन बमोजिम क्षतीपुर्ती पाउने भएमा र सो सम्बन्धमा पीडितले जानकारी मागेमा क्षतीपुर्ती प्राप्त गर्न गर्नु पर्ने कारबाहीका सम्बन्धमा अभियोजन गर्ने अधिकारिले पीडितलाई जानकारी दिनु पर्नेछ। पीडितको तर्फबाट क्षतीपुर्ती सम्बन्धी कारबाही चलाउने अधिकार अभियोजन अधिकारिमा भएकोमा अभियोजन अधिकारीले पीडितको अनुरोधमा पीडितको तर्फबाट गर्नु पर्ने आवश्यक कारबाही गर्नु पर्नेछ।

## ७.१३. क्षतिपुर्ति तथा सामाजिक पुर्नस्थापनाको अधिकार

पीडितलाई पुगेको क्षती बापत क्षतीपुर्ती पाउने अधिकार हुनेछ। पीडितको सामाजिक पुर्नस्थापनाको लागि नेपाल सरकार, प्रदेश

सरकार र स्थानिय तहले पारस्परिक समन्वयमा उपलब्ध स्रोत साधनको आधारमा आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

### ७.१४ निवेदन दिन वा पुनारावेदन गर्न सक्ने अधिकार

कुनै कसुरमा अदालतबाट भएको आदेश वा निर्णय सम्बन्धीत पीडितलाई चित्त नबुझेमा सोको आधार वा कारण खुलाई त्यस्तो आदेश वा निर्णय बिरुद्ध पीडितले निवेदन दिन वा पुनरावेदन गर्न सक्नेछ । त्यस्तो निवेदन वा पुनरावेदन आदेश वा निर्णयको जानकारी पाएको मितिले पन्द्र दिनभित्र दिइसक्नु पर्नेछ । निवेदन्मा उल्लेख गरिएको आधार र कारण बिचार गरी सम्बन्धीत अधिकारीले निर्णय गर्नु पर्नेछ र त्यस्तो निर्णयको जानकारी निवेदकलाई समेत दिनु पर्नेछ ।

## ८. क्षतिपुर्ति प्राप्त गर्ने अधिकार

### ८.१ अन्तरिम क्षतीपुर्तीको लागि आदेश दिन सक्ने

पीडितलाई तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतीपुर्ती वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो ब्यक्तिलाई औषधी उपचार गराउन वा अन्तरिम रूपमा क्षतीपुर्ती वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिन सक्नेछ । त्यस्तो आदेश भएमा पीडितलाई कोषबाट क्षतीपुर्ती वा राहत रकम उपलब्ध गराउनु पर्छ जुन अदालतबाट फैसला हुँदा अभियोग लागेको ब्यक्ती कसुरदार ठहर भएमा त्यस्तो कसुरदारलाई फैसला भएको पैंतिस दिनभित्र त्यस्तो रकम कोषमा जम्मा गर्न अदालतले आदेश दिनेछ । अदालतले आदेश दिएकोमा त्यस्तो कसुरदारले क्षतीपुर्ती वा राहत बापतको रकम कोषमा जम्मा गर्नु पर्नेछर निजले सो अवधिमा त्यस्तो रकम जम्मा नगरेमा फैसला भएको सट्ठी दिनभित्र त्यस्तो कसुरदारको जुनसुकै जायजेथाबाट सरकारी बाँकी सरह असुल उपर

गर्नु पर्नेछ ।

**८.२ कसुरदारबाटै क्षतीपुर्ती भराइ दिने**

अदालतले मुद्दाको अन्तिम किनारा गर्दा कसुरदारबाट पीडितलाई मनासीब माफिकको रकम क्षतीपुर्ती स्वरूप भराइदिने गरी आदेश गर्न सक्नेछ । अन्तरिम क्षतीपुर्ती प्राप्त गरिसकेको पीडितलाई कसुरदारबाट क्षतीपुर्ती भराइदिने गरी अदालतले आदेश दिएमा पीडितले प्राप्त गरेको अन्तरिम क्षतीपुर्ती बापतको रकम कोषमा फिर्ता गरी बाँकी रकममात्र पीडितलाई उपलब्ध गराइनेछ । यदी कसुरदारको कुनै सम्पत्ती नभई पीडितले क्षतीपुर्ती नपाउने देखिएमा वा कसुर स्थापित भएको तर कसुरदार कायम हुन नसकेको अवस्थामा वा कसुरसंग सम्बन्धीत मुद्दा फिर्ता भएमा अदालतले कोषबाट क्षतीपुर्ती स्वरूप उचित रकम पीडितलाई भराईदिने गरी आदेश गर्न सक्नेछ । आदेश प्राप्त भएको पैंतिस दिनभित्र कोषबाट क्षतीपुर्ती बापतको रकम पीडितलाई उपलब्ध गराइनेछ ।

**८.३ क्षतीपुर्ती रकमले पहिलो प्राथमिकता पाउने**

कसुरदारले अदालतको फैसला बमोजिम जरिवामा, सरकारी बिगो, दशौंद, बिसौंद, दुनियाँको बिगो वा अन्य कुनै रकमका अतिरिक्त पीडितलाई क्षतीपुर्ती समेत बुझाउनु पर्ने भएकोमा कसुरदारबाट असुल उपर भएको रकमबाट सबैभन्दा पहिले पीडितले पाउने क्षतीपुर्तीलाई पहिलो प्राथमिकता दिईन्छ ।

**८.४ आस्रित सन्तान वा अभीभावकले क्षतीपुर्ती पाउने**

क्षतीपुर्ती प्राप्त नगर्दै पीडितको मृत्यु भएमा त्यस्तो क्षतीपुर्तीको रकम निजमा आस्रित सन्तान वा अभीभावकले पाउनेछ ।

**८.५ क्षतीपुर्ती बापत पहिले पाएको रकम कट्टा गरिने**

क्षतीपुर्ती बापतको रकम भुकतानी गर्दा निजले पहिले अन्तरिम क्षतीपुर्ती बापत प्राप्त गरेको रकम कटाएर बाँकी रहन गएको रकम

मात्र उपलब्ध गराइनेछ ।

**८.६ क्षतीपुर्ती रकम कोषमा दाखिला गरिने**

क्षतीपुर्ती पाउने जानकारी पीडितलाई दिएको मितिले छ महिनासम्म क्षतीपुर्ती लिन नआएमा सो अवधीपछी त्यस्तो क्षतीपुर्ती रकम कोषमा दाखिला गरिनेछ ।

क्षतीपुर्ती स्वरूप पाएको रकम फिर्ता, कट्टा वा असुल उपर हुनेमा बाहेक सो रकममा अरु कसैको अधिकार हुने छैन ।

**८.८ कोषबाट उपलब्ध गराइने**

पीडितको उमेर, मानसिक अवस्था, कुटनितिक उन्मुक्ती र अन्य कुनै कारणले अपराधीक दायित्व बहन गर्न नपर्ने व्यक्तिबाट भएको कुनै कसुरको पारीणाम स्वरूप ब्यहोर्नु परेको क्षती बापत पीडितलाई कोषबाट मनासीब माफिकको रकम क्षतीपुर्ती उपलब्ध गराइनेछ ।

**८.९ क्षतीपुर्तीको दाबी लिनु पर्ने**

कुनै कसुरमा अभियोजन गर्दा प्रथमस्तरको पीडित, द्वितियस्तरको पीडित र पारिवारिक पीडितले प्राप्त गर्ने क्षतीपुर्तीको सम्बन्धमा स्पष्ट दाबी लिनु पर्नेछ ।

**८.१० सुचना उपलब्ध गराउनु पर्ने**

पीडितलाई सुचना दिनु पर्ने कर्तब्य भएको निकाय वा पदाधिकारीलाई त्यस्तो बिषयको काम कारबाहीमा संलग्न रहेको वा त्यस्तो सुचनाको अभिलेख राख्ने वा त्यस्तो सुचनामा पहुँच भएका सम्बन्धीत निकाय वा पदाधिकरीले त्यस्तो सुचना यथासिघ्र उपलब्ध गराउनु पर्नेछ ।

## ९. पिडीतको कर्तव्य

पीडितको कर्तब्य देहाय बमोजिम हुनेछ

क) समयमै अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष कसुरका सम्बन्धमा जाहेरी वा सुचन दिने,

ख) कसुरको अनुसन्धान र अभियोजनका सिलसिलामा अनुसन्धान वा अभियोजन गर्ने अधिकारीलाई सहयोग गर्ने,

ग) कसुरमा संलग्न ब्यक्तीलाई बाचाउने उदेश्यले अनुसन्धान अधिकारी वा अदालत समक्ष उपस्थित भएर पनि सो उदेश्यले बयान दिने, बकपत्र गर्ने वा कुनै प्रमाण पेश गर्ने कार्य नगर्ने,

घ) आफ्नो वास्तविक नाम, थर, वतन, टेलीफोन नम्बर, इमेल ठेगान उपलब्ध गराउने र त्यस्मा कुनै परिवर्तन भए यथाशिघ्र जानकारी गराउने ।

## ९.१ अधिकारको सम्मान गर्नु

कसुरको अनुसन्धान, अभियोजन, तहकीकात तथा न्याय निरूपणको प्रक्रीयामा संलग्न हुने अधिकारीले पीडितका अधिकारको सम्मान गर्दै कार्यन्वयनको लागि उचित ध्यान दिनु पर्नेछ ।

## ९.२ अधिकार प्रचलनको लागी निवेदन दिन सक्ने

पीडितको अधिकारको प्रचलनको लागि पीडितले सम्बन्धीत उच्च अदालतमा निवेदन दिन सक्नेछ । पीडितका अधिकारको अतिक्रमण वा हनन भएको देखिएमा त्यस्ता अधिकारको प्रचलनको लागि उच्च अदालतले उपयुक्त आदेश जारी गर्न सक्नेछ । आदेश जारी गर्दा उच्च अदालतले पीडितका अधिकारको जानी जानी अतिक्रमण गर्ने, हनन गर्ने वा कटौती गर्ने अधिकारीलाई निजको सेवा सर्त सम्बन्धी बिभागीय कारवाही गर्न सम्बन्धीत निकाय वा अधिकारी समक्ष लेखी पठाउन सक्नेछ । जसअनुसार सम्बन्धीत अधिकारीले त्यस्तो अधिकारीलाई बिभागीय कारवाही गर्नु पर्नेछ ।